# सर्वोच्च अदालत, संवैधानिक इजलास

सम्माननीय का.मु. प्रधान न्यायाधीश श्री हरिकृष्ण कार्की

माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ

माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई

माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा

माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत

आदेश

०७९-WC-००५२

विषयः उत्प्रेषणसमेत।

काठमाडौं महानगरपालिकाका नगर प्रमुख बालेन्द्र शाह(बालेन) ------------- निवेदक

विरूद्ध

निर्वाचन आयोग, कान्तिपथ, काठमाडौंसमेत -------------------------------- प्रत्यर्थी

यसमा निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरु श्री ओमप्रकाश अर्याल, श्री पुनदेवी महर्जन र श्री चन्द्रप्रसाद भुषालले गर्नु भएको बहससमेत सुनियो।

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने कानूनबमोजिमको आधार र कारण भए सोसमेत साथै राखी सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम १९ को उपनियम (१) मा उल्लेख भएबमोजिम यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक ७(सात) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखितजवाफ पेश गर्नू भनी प्रत्यर्थीहरुलाई यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी सूचना म्याद जारी गरी लिखितजवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नू।

अन्तरिम आदेश माग भएको सन्दर्भमा हेर्दा प्रस्तुत रिट निवेदन नेपालको संविधानको धारा १३३(२)(३), धारा १३७ एवं सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली २०७२ को नियम १५ समेत अन्तर्गत दर्ता भएको देखिन्छ। काठमाडौं महानगरपालिकाको मेयर पदमा निर्वाचित भएपछि निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिमको आफ्नो खर्च सम्वन्धी विवरण निर्वाचन परिणाम घोषणा भएको मिति २०७९।२।१२ वाट ३० दिनभित्र पेश गर्नुपर्नेमा मिति २०७९।३।११ गते शनिवार परेवाट २०७९।३।१२ गते खर्च विवरण बुझाएको भन्ने जिकिर निवेदकले लिएको देखिन्छ।

आफ्नो निर्वाचन खर्च विवरण वारे गरेको निर्णयको अलावा निर्वाचन आयोगले मिति २०७९।४।३१ मा गरेको गोश्वारा निर्णय(बैठक संख्या ९०) वाट स्थानीय तहको

निर्वाचनमा उम्मेदवार भई खर्च विवरण नवुझाउने वा सो निम्ति तोकिएको अवधि नाघी खर्च विवरण वुझाउने भनिएका व्यक्तिहरुलाई स्पष्टिकरण सोध्ने, मिति २०७९।५।३१ मा (बैठक संख्या ११५) गरेको अर्को गोश्वारा निर्णयवाट स्थानीय तहको निर्वाचनमा सहभागी हुने १,२३,६२४ जना उम्मेदवारहरुलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ को उपदफा (१) बमोजिम विभिन्न रकम जरिवाना गर्ने र उपदफा (३) बमोजिम छ महिनाभित्र सो जरिवानाको रकम दाखिल गर्न निर्देशन दिएको बिषयलाई पनि निवेदकले उठाएको देखिन्छ। स्वच्छ सुनुवाई तथा व्यक्तिगत तहमा कानूनी प्रतिवादको अवसर प्रदान नगरी भएको यस्तो गोश्वारा निर्णयबाट स्थानीय तहको निर्वाचनमा सहभागी भएका व्यक्तिहरुमा छ वर्ष सम्म निर्वाचनमा सहभागी हुन नपाउने अयोग्यता सिर्जना हुने र निर्वाचित उम्मेदवारको निर्वाचन समेत स्वतः बदर हुने परिणाम निस्कने अवस्था भएबाट निर्वाचन आयोगको सो निर्णय सार्वजनिक हक र सरोकारको विषय बनेको भन्ने जिकिर समेत निवेदनमा लिइएको देखियो।

निर्वाचन आयोगका माथि उल्लेखित निर्णयहरुवाट निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ र २६ को प्रयोगको सम्वन्धमा संवैधानिक तथा प्रकृयागत त्रुटिको प्रश्न उठेको पाइयो। उक्त दफाहरुमा गरिएको व्यवस्था एवं त्रुटिपुर्ण प्रयोगले नेपालको संविधानको धारा १७, १८(१), २०(८), २०(९) द्वारा प्रत्याभूत हकमा असर परेको र उक्त व्यवस्था स्वयं नै संविधानको धारा २१६, २२२, २२३ समेत विपरीत रहेको भन्ने निवेदन जिकिर पनि निरुपण गर्नु पर्ने प्रश्नको रुपमा विचारणीय देखियो। निर्वाचन आयोगको मिति २०७९।५।३१ को निर्णयबाट उल्लेखित स्थानीय तहका विभिन्न पदमा निर्वाचित तथा उम्मेदवार भएका व्यक्तिहरुको भावी निर्वाचनमा सहभागी हुने योग्यता र निर्वाचन स्वतः बदर हुँदा जननिर्वाचित संस्थाहरु एवं प्रकारान्तरले प्रतिनिधित्वमूलक लोकतन्त्रमा समेत पर्न जाने देशव्यापी गम्भीर प्रतिकुल प्रभाव समेतलाई दृष्टिगत गर्दा निवेदनमा उठाएका अन्य विषयवस्तुमा प्रस्तुत रिट निवेदनको अन्तिम निर्णय हुँदा ठहरे बमोजिम हुने गरी प्रत्यर्थी निर्वाचन आयोगको उक्त मिति २०७९।५।३१ को निर्णयमा उल्लेखित जरिवाना छ महिना भित्र दाखिल गराउने, नबुझाएको अवस्थामा निर्वाचन सम्बन्धी अयोग्यता सिर्जना गर्ने निर्णय नं. (२), (४) र (७) (बैठक संख्या ११५, प्रस्ताव नं. ५१३) मा उल्लेखित कुराहरु हाल कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनी सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली २०७२ को नियम १९(४) बमोजिम अन्तरिम आदेश जारी गरिएको छ। आदेशको जानकारी प्रत्यर्थी आयोगलाई दिनू।

न्यायाधीश न्यायाधीश न्यायाधीश न्यायाधीश का.मु. प्रधान न्यायाधीश

इति संवत् २०७९ साल फागुन ३ गते रोज ४ शुभम् ------------------------------।